REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 28.01.2026

## 1. सिक्किमका अर्जुन कुमार राईअन्तर्राष्ट्रिय प्याराग्लाइडिङ एक्युरेसी च्याम्पियनसिपमा भारतको प्रतिनिधित्व गर्न तयार

सिक्किम गान्तोकका अर्जुन कुमार राई थाइल्याण्डमा आयोजना हुने दुई प्रतिष्ठित अन्तर्राष्ट्रिय प्याराग्लाइडिङ एक्युरेसी च्याम्पियनसिपमा भारतको प्रतिनिधित्व गर्न तयार छन्।राईले ३१ जनवरी देखि ४ फरवरी २०२६ सम्म आयोजना हुने १० औं थाइल्याण्ड प्याराग्लाइडिङ एक्युरेसी आसियान फ्रेन्डशिप्स ओपन - एएफए नेशन लिग २०२६ मा प्रतिस्पर्धा गर्नेछन्।राईले ७ देखि १५ फेब्रवरी २०२६ सम्म आयोजना हुने ५ औं एफएआई एसियाली प्याराग्लाइडिङ एक्युरेसी च्याम्पियनसिपमा पनि भारतको प्रतिनिधित्व गर्नेछन्। यो महादेशीय च्याम्पियनसिप एसियाको सबैभन्दा महत्त्वपूर्ण प्याराग्लाइडिङ एक्युरेसी कार्यक्रमहरू मध्ये एक हो, जसमा धेरै एसियाली देशहरूका उत्कृष्ट पाइलटहरूले भाग लिनेछन्।

## 2. विमान दुर्घटनामा परेर महाराष्ट्रका उपमुख्यमन्त्रीको असामयिक निधन भएकोमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ साथैराज्यपाल श्री ओम प्रकाश माथुरलेगर्नु भयो।

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले बारामतीमा भएको विमान दुर्घटनामा महाराष्ट्रका उपमुख्यमन्त्री अजित पवारको असामयिक निधनमा शोक प्रकट गर्नु भएको छ। उहाँको निधन महाराष्ट्रका जनता र उहाँलाई सम्मान गर्ने सबैका लागि ठूलो क्षति रहेकोमुख्यमन्त्रीतामाङले बताउनु भएको छ । पवार परिवार, उनका समर्थकहरू र यस गहिरो क्षतिमा शोक मनाउने प्रत्येक नागरिकप्रति मुख्यमन्त्रीले हार्दिक सम्वेदना व्यक्त गर्नु भएको छ ।

सिक्किमकामाननीय राज्यपाल श्री ओम प्रकाश माथुरलेपनिउपमुख्यमन्त्रीको निधनमागहिरो शोक व्यक्त गर्नुभयो।माननीय राज्यपालले आफ्नो शोक सन्देशमा , श्री पवारएक कर्मठ

जनसेवक र जनप्रिय नेता रहनु भएको बताउनु भएको छ । उहाँलेश्री पवारको निधन राज्यकोलागि अपूरणीय क्षति रहेको बताउनु हुँदै, दिवंगत आत्मालाई ईश्वरले शान्ति प्रदान गरुन् र शोकाकुल परिवार, कार्यकर्ता र समर्थकहरूलाई यस कठिन घडीमा शक्ति र शान्तवना प्रदान गरुन् भन्नेकामना गर्नु भएको छ ।

## 3. हरित सीप विकास कार्यक्रम (GSDP) २०२५-२६ को उद्घाटन

वन तथा वातावरण विभागअन्तर्गत वातावरण सूचना, सचेतना, क्षमता अभिवृद्धि तथा जीविकोपार्जन कार्यक्रमहबले नाम्ची जिल्लाको लुङ्चोक–कमरे जीपीयूस्थित ग्राम प्रशासनिक केन्द्रमा गैर–काष्ठ वन उपज अन्तर्गत मौरीपालनविषयमा हरित सिप विकास कार्यक्रम २०२५–२६ को उद्घाटन गरेको छ।

उक्त कार्यक्रममा २० जना अनुसूचित जनजातिका प्रतिभागी सहभागी रहेका छन्।हिमाली मौरी सहकारी संस्थाका मौरी विशेषज्ञहरूको विशेष मार्गदर्शनमा नाम्ची जिल्लाको लुङ्चोक-कमरे र रातेपानी मौरीपालनमा फेब्रुवरी २०२६ को अन्त्यसम्म मौरीपालन सम्बन्धी एक महिना लामो पाठ्यक्रम सञ्चालन गरिनेछ।

## 4. मन्त्रीले मांगशिलामा पशु चिकित्सा औषधालयको गर्नुभयो उद्घाटन

वन तथा पर्यावरण, विज्ञान तथा प्रविधि, तथा खानी तथा भूगर्भ विभागका मन्त्री श्री पिञ्चो नामग्याल लेप्चाले आज मांगशिलामा नवनिर्मित पशु चिकित्सा औषधालयको उद्घाटन गर्नुभयो। यस पूर्वाधारको निर्माण सफलतापूर्वक सम्पन्न भएकोमा विभागलाई बधाई दिनु हुँदैश्री लेप्चाले क्षेत्रका किसान र पशुधन मालिकहरूलाई सुविधायोग्य पशु चिकित्सा हेरचाह, रोग रोकथाम, खोप सेवा र पशु स्वास्थ्य सहयोग प्रदान गर्न पशु चिकित्सा औषधालयले खेल्ने महत्त्वपूर्ण भूमिकामाथि जोड दिनुभयो।यो पशु चिकित्सालय परियोजना जुलाई २०२३ मा बत्तीस लाख एक्काइस हजार चार सय बीसको लागतमा स्वीकृत गरिएको थियो र १२ महिनाभित्र सम्पन्न भएको हो ।

5. मंगनमा एकीकृत सञ्चार र आउटरिच कार्यक्रम आज सम्पन्न

केन्द्रीय सञ्चार ब्यूरोर प्रेस सूचना ब्यूरो गान्तोकद्वारा कर्मचारी भविष्य निधि संगठन र सिक्किम ऊर्जा लिमिटेडको सहकार्यमा उत्तरी सिक्किमको मंगन जिल्लाको रिंगदाङ सिंघिकमा आयोजित दुई दिने एकीकृत सञ्चार र आउटरिच कार्यक्रम आज सम्पन्न भयो। मंगन जिल्लाका जिल्लापाल अनन्त जैनले आजको समापन कार्यक्रममा प्रमुख अतिथिको रूपमा उपस्थिति जनाउनुभयो।कार्यक्रमको उद्देश्य भारत सरकारका प्रमुख कल्याणकारी योजनाहरूजनचेतनालाई सुदृढ पार्नु,तल्लो तहमा रहेका नागरिकलाई जानकारी प्रसार सुनिश्चित गर्नु साथैसहभागितालाई प्रोत्साहन गर्नु रहेको थियो। जिल्लापाल श्री जैनले विभिन्न सरकारी कल्याणकारी योजनाहरूको फाइदाहरूमाथि प्रकाश पार्नु हुँदै समावेशी र दिगो विकासकोलागि यी पहलहरूको सक्रिय रूपमा लाभ उठाउन नागरिकहरूलाई आग्रह गर्नुभयो ।

6.गेजिङ जिल्लामा शीतकालीन प्रशिक्षण शिविर सम्पन्न

गेजिङजिल्लाको खेलकुद तथा युवा मामिला विभागले ५ जनवरी  देखि १७ वर्ष मुनिका बालबालिकाहरुकालागि २५ दिने नि:शुल्क शीतकालीन प्रशिक्षण शिविर आयोजना गरेको थियो, जुन आज गेजिङको क्योङ्सा ग्राउन्डमा सफलतापूर्वक सम्पन्न भयो।शिविरमा  अनुभवी प्रशिक्षकहरूको मार्गदर्शनमाधनुर्विद्या, एथलेटिक्स, बक्सिङ र ताइक्वन्डो यी चार विषयहरूमा विशेष प्रशिक्षण प्रदान गरियो । प्रशिक्षणमा जिल्लाभरका १५० भन्दा बढी प्रशिक्षार्थीहरूको सहभागिता रहेको थियो।